# १२ कैसरियामा बन्दी

*__यस अध्यायका मूल पदहरू__*: प्रेरित २४, प्रेरित २५, प्रेरित २६ र १ कोरन्थी १:२३।

*__यस अध्यायको मूल सार पद__*: **"ढिलो होस् वा चाँडो होस्, तपाईंमात्र होइन तर आज मलाई सुनिरहने सबै म जस्तै होउन् भनेर म परमेश्वरसँग प्रार्थना गर्दछु। तर म सिक्रीले बाँधिएको अवस्थामा तपाईंहरू नपरुन् भन्ने म चाहना गर्दछु।" (प्रेरित २६:२९ रूपान्तरित)।**

पावललाई कैसरिया सहरमा सारिएपछि दुई वर्ष झ्यालखानामा परेका थिए (प्रेरित २४:२७)। यो ठाउँमा राजा हेरोदको निजि दरवार थियो (प्रेरित २३:३५) साथै रोमको राज्यप्रमुखको निबास थियो। ती दुई वर्षहरूमा पावल रोमी राज्यप्रमूखहरू (फेलिक्स र फेस्तुस) र राजा (अग्रिपा २)को सामु उभिएर आफ्नो मामिला पेश गरेका थिए। त्यसले परमेश्वरले प्रेरित ९:१५मा दिनुभएको वचन "१५ तर प्रभुले तिनलाई भन्नुभयो, "जाऊ, किनकि अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँ प्रचार गर्न तिनी छानिएका मेरा एक पात्र हुन्, १६ किनकि मेरो नाउँको खातिर तिनले कति कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।" पूरा भएको देखाउँछ।

आफूले गरेको सबै सुनावाईहरूमा पावलले आफू निर्दोष साबित भएको प्रमाण प्रस्तुत गरेका थिए। कुनै पनि सही साक्षी उनको बिरुद्धमा प्रस्तुत गर्न नसकिएको सन्दर्भमा आफूमाथि लगाइएको अभियोग झुटा ठहरिन्छ भनेर पावलले जिकिर गरेका थिए। यथार्थमा भन्ने हो भने पावलको सबै वयानले यो देखाउँदछ कि कानुनी रूपमा उनलाई पक्रिन र उनमाथि मुद्धा लगाउन उनले कुनै पनि अपराध गरेका छैनन्, त्यसकारण उनले छुट्कारा पाउनुपर्छ। यदि उनले रोमी सम्राट सिजरसँग बिन्ति नचढाएको भए उनी जेलबाट छुट्थे (प्रेरियत २६:३२)। तर राज्यप्रमूख र राजाले पावलको सुनुवाईबाट येशूको बारेमा, उहाँमाथि आशा र पुनरुत्थानको प्रतिज्ञा बारेमा सुन्ने अवसर पाएका थिए।

तैपनि दुई वर्षको बन्दी जीवन पावलको निम्ति कठोर थियो र गहिरो चिन्ताले भरिएको थियो। यरुशलेमको चर्चको कुनै अगुवाहरूबाट उनले कुनै

सहयोग पाएका थिएनन् न त हौशला नै। "यहूदीहरूको बीचमा खलबली ल्याउन वा अयहूदीहरूलाई सुसमाचार सुनाएर यहूदीहरूको क्रोध इसाईहरूमाथि बर्षाउन प्रायजसो पावल नै जिम्मेवार भएको ती यहूदी इसाईहरूले ठहर गरिरहेका थिए।"-एलेन जी ह्वाइट, द आक्टस् अभ आपोस्टलस्, पृ. ४०३बाट रूपान्तरित।

## १. बडा हाकिम फेलिक्सको सामु पावल

कैसरियाको झ्यालखानामा पावललाई राख्न पाँच दिन अघि अत्यन्त उच्च पद ओगोटेका यहूदी अगुवाहरू यरुशलेमबाट बडा हाकिम फेलिक्सको सामु पावलको बिरुद्धमा औपचारिकरूपमा अभियोग लगाउन आएका थिए। तिनीहरूमा यहूदी धर्मको मूल पुजाहारी, सानहिड्रन वा यहूदी धर्मसभाका केही उच्च पदाधिकारीहरू, **तर्तुल्लस** नाउँ गरेको वकिल थिए (प्रेरित २४:१-९)।

***प्रेरितमा केवल यो मुद्दामात्र उल्लेख गरिएको छ जहाँ अभियोग लगाउनेहरूले पेशागत वकिललाई प्रयोग गरेका थिए।***

आफ्नो बहस प्रस्तुत गर्ने क्रममा वकिल **तर्तुल्लस**ले बडा हाकिमको मन जित्न रोचक रणनीति प्रस्तुत गरेका थिए। बडा हाकिमलाई चिप्लो घस्न उनको शासनकालमा यहूदीहरूले शान्तिको सास फेर्न पाएका थिए भनेर वकिलले सुनाएका थिए। तर यो सत्य थिएन किनभने अरू बडा हाकिमहरू भन्दा उनैको पालामा यहूदीहरूले धेरै दमन र हिंसा खप्नु परेको थियो। त्यसले गर्दा रोमको शासनको बिरुद्धमा यहूदीहरूको बीचमा ठूलो बितृष्णा वा घृणा उब्जिएको थियो। बडा हाकिमको आफ्नै शासन नीति अनुसार राजनैतिक स्थायित्व कायम राख्न  पावलको उक्त मामिलामा पनि उनको बिरुद्धमा सकेसम्म कडा दमन चालेर मुद्दा छिनियोस् भनेर बढो चलाखीका साथ वकिलले पावलको बिरुद्धमा बहस गरेका थिए।

अनि वकिलले पावलको बिरुद्धमा तिन वटा विशेष आरोपहरू लगाए: (१) रोमी राज्यभरि यहूदीहरूको बीचमा निरन्तररूपमा अशान्ति र आन्दोलन ल्याउन उक्साइरहने व्यक्ति (प्रेरित २४:५), (२) उनी नासरी अर्थात् येशूलाई विश्वास गर्नेहरूको सरदार (प्रेरित २४:५), उसको भनाइमा इसाई धर्मको अभियान नै समाजलाई खलबली ल्याउने हो र (३) र उनले यरुशलेम मन्दिरलाई अपवित्र वा बिटुलो पार्न प्रयास गरे (प्रेरित २४:६)।

**पावलले वकिलको प्रत्येक आरोपलाई कसरी खण्डन गरे भनेर प्रेरित २४:१०-१९मा दिइएको छ। तर पावलको मुद्दा प्रक्रिया पूरा प्रेरित २४मा**

पढ्नुहोस्: "१ पाँच दिनपछि प्रधान पूजाहारी हननिया र कतिपय धर्म-गुरुहरू, तर्तुल्लस नाउँका एक जना वकीलसँग त्यहाँ आए, र तिनीहरूले पावलको विरुद्ध हाकिमको अगि मुद्दा पेश गरे। २ पावल त्यहाँ झिकाइएपछि तर्तुल्लसले तिनलाई यसो भन्दै अभियोग लाउन थाले, "अति माननीय फेलिक्स, हजूरबाट हामीले ठूलो शान्ति भोग गर्दैछौं, र हजूरले यस जातिको निम्ति सुधारहरू सुरु गर्नुभएको छ। ३ यो कुरा हरप्रकारले सबै ठाउँमा हामी कृतज्ञतासाथ स्वीकार गर्छौं। ४ तर हजूरको बढ़ी समय नलिएर हाम्रो बिन्ती छोटकरीमा दया गरी सुनिदिनुहोस्। ५ "किनकि हामीले यस मानिसलाई जताततै दुःख दिइहिँड्ने, संसारभरिका सारा यहूदीहरूका बीचमा आन्दोलन मच्चाउने, र नासरी पन्थका मुख्य अगुवाको रूपमा भेट्टाएका छौं। ६ यसले मन्दिर अपवित्र पार्ने पनि कोसिस गरेको थियो, तर यसलाई हामीले पक्र्यौं। हाम्रो व्यवस्थाअनुसार कारवाही गर्ने पनि थियौं, ७ तर सेनापति लुसियसले हामीकहाँ आएर बड़ो जबरदस्तसाथ त्यसलाई हाम्रा हातबाट खोसेर लैजानुभयो, र यसको विरुद्धमा अभियोग लाउनेहरूलाई हजूरकहाँ आउने आज्ञा गर्नुभयो। ८ अब हजूर स्वयम्ले यसको जाँच गर्नुभएमा हामीले यसलाई लाएको अभियोगका यी सबै कुरा ऊबाट थाहा पाउन सक्नुहुन्छ।" ९ ती यहूदीहरूले पनि ती कुराहरू सबै ठीक हुन् भनी समर्थन गरे।

१० हाकिमले तिनलाई बोल्ने इशारा गरेपछि पावलले जवाफ दिए, "धेरै वर्षदेखि हजूर यहूदी जातिका न्यायाधीश हुनुभएको कुरा थाहा भएकोले म आफ्नो पक्षमा सहर्ष बोल्दछु। ११ हजूरले पत्ता लाउन सक्नुहुन्छ कि म यरूशलेममा आराधना गर्न गएको बाह्र दिनभन्दा बढ़ी भएको छैन। १२ यिनीहरूले न त मलाई कुनै मानिससँग बहस गरिरहेको भेट्टाए, न मन्दिरमा वा सभाघरमा अथवा सहरमा जनतालाई उत्तेजित पारेको भेट्टाए, १३ न त मलाई अहिले दोष लाइरहेका कुराहरूको यिनीहरूले प्रमाण दिन सक्छन्। १४ तर यो म हजूरकै सामने स्वीकार गर्दछु, कि जुन मार्गलाई तिनीहरू एउटा पन्थ भन्दछन्, त्यहीबमोजिम व्यवस्थामा भएका कुरा र अगमवक्ताका पुस्तकमा लेखिएका सबै कुरा विश्वास गरी मेरा पुर्खाहरूका परमेश्वरको आराधना म गर्दछु। १५ धर्मी र अधर्मीहरू दुवैको मृतकबाट पुनरुत्थान हुन्छ भन्ने यिनीहरू आफैले स्वीकार गरेजस्तै म परमेश्वरमा आशा राख्दछु। १६ यसैले परमेश्वरप्रति र मानिसहरूप्रति म सधैं शुद्ध विवेक राख्ने प्रयत्न गर्दछु। १७ "अब केही वर्षपछि आफ्नो जातिको निम्ति दान र भेटी दिन म आएको

थिएँ।१८ यिनीहरूले मलाई मन्दिरमा भेट्टाउँदा शुद्ध हुने विधि मैले पूरा गरिसकेको थिएँ। त्यहाँ कुनै भीड थिएन, होहल्ला पनि थिएन। तर त्यहाँ एशियाका कुनै यहूदीहरू थिए, १९ तिनीहरू यहाँ हजूरको सामुन्ने हाजिर हुनुपर्नेथियो। मेरो विरुद्धमा यदि केही भन्ने कुरा भएदेखि तिनीहरूले अभियोग लाउन सक्थे। २० अथवा यी मानिसहरूले आफै यहाँ भनून्– म महासभाको सामुन्नेमा खड़ा हुँदा ममा के कसूर भेट्टाएका थिए? २१ केवल यही एक कुरा मात्र हो, जो मैले तिनीहरूका बीचमा उभी कराएर भनेको थिएँ, 'मरेकाहरूका पुनरुत्थानको विषयमा आज तपाईंहरूका सामुन्ने मेरो मुद्दा चलिरहेको छ'।" २२ यस मार्गको विषयमा फेलिक्सलाई यथार्थ ज्ञान भएको हुनाले उनले यी कुराहरू सुनेपछि तिनीहरूलाई यसो भनी टारेर पठाए, "सेनापति लुसियस यहाँ आएपछि म तिमीहरूको मुद्दा फैसला गरिदिनेछु।" २३ तब उनले पावललाई पहरामा राख्नू र तिनलाई केही स्वतन्त्रता दिनू, अनि तिनका कुनै पनि मित्रलाई तिनका खाँचोका कुरा पूरा गर्न नरोक्नू भनी कप्तानलाई आज्ञा दिए। २४ केही दिनपछि फेलिक्स उनकी यहूदी पत्नी द्रूसिल्लालाई साथमा लिएर आए, र उनले पावललाई बोलाएर ख्रीष्ट येशूमाथिको विश्वासबारे तिनीबाट सुने। २५ पावलले धार्मिकता, संयम र भावी इन्साफको विषयमा बहस गर्दा फेलिक्स आत्तिए, र यसो भने, "अहिलेलाई जाऊ, मौका परेको बेलामा म तिमीलाई बोलाउँला।" २६ पावलबाट कतै रुपियाँ मिलिहाल्ला कि भनी उनले आशा पनि गरेका थिए। यसकारणले पनि उनले तिनलाई घरीघरी डाकी कुराकानी गर्ने गर्थे। २७ तर दुई वर्षपछि जब फेलिक्सको बदलीमा पर्किअस फेस्तस आए, तब फेलिक्सले यहूदीहरूलाई खुशी राख्नका निम्ति पावललाई झ्यालखानमै राखेर गए।

**जुन बिषयहरू** लिएर पावलले आफ्नो पक्षमा बहस गरेका थिए ती विषयहरूले उनलाई आरोप लगाउनेहरूलाई लज्जित पारेका थिएः (१) एशियाबाट आएका मानिसहरूले उनको बिरुद्धमा मानिसहरूलाई उचालेका थिए तर तिनीहरू उनको बिरुद्धमा साछी दिन खडा नगरिएको कारणले (प्रेरित २४:१८,१९) उनको बिरुद्धमा लगाइएको मुद्दाको कुनै आधार थिएन र (२) एक हप्ता अघिमात्र उनी यहूदी धर्मसभा वा सानहिड्रनको सामु उनले सुनुवाई गर्दा वा मृत्युबाट पुनरुत्थानको बारेमा बोल्दा (प्रेरियत २३:६) कुनै पनि यहूदी वा पण्डितहरूले उनको बिरुद्धमा बोल्न नसकेको परिप्रेक्ष्यमा (प्रेरित २४:२०) उनले सफाई पाउनुपर्छ भनेर उनले जिकिर गरेका थिए।

पावलको तर्क अत्यन्त जायज भएको बडा हाकिम फेलिक्सले तुरन्तै महसुस गरेका थिए। उनी रोमी भएतापनि उनको श्रीमती ड्रुसिल्ला यहूदी भएको हैसियतले उनीबाट इसाई धर्मको बारेमा उनलाई केही हदसम्म जानकारी भएको हुनसक्थ्यो। अर्को सुनुवाई नहुञ्जेल बडा हाकिमले पावलको मुद्दा किनारा लगाउने निर्णय गरे (प्रेरित २४:२२)।

फेलिक्सको जवाफले (प्रेरित २४:२४-२७)ले उनको चरित्रलाई देखाउँदछः कुनै उचित कारणबिना मुद्दालाई पर सार्ने बानी, उनी घुस खाने मानिस र अवसरवादी। फेलिक्स जस्ता व्यक्तिबाट पावलले उचित न्याय पाउन सम्बभ भएको थिएन।

**"मानिस र परमेश्वरको बिरुद्धमा नजान मैले मेरो बिवेकलाई जहिले पनि स्वच्छ राख्ने प्रयास गरेको छु" (प्रेरित २४:१६) भन्ने पावलको अर्थ के हो? तपाईंले त्यही भावना व्यक्त गर्ने आँट गर्न तपाईंले के कुराहरूमा परिवर्तन गर्नुपर्छ?**

## २. फेस्टुसको सामु पावल

पावलको बिरुद्धमा मुद्दा नछिनाइ यहूदीहरूलाई शान्त पार्न फेलिक्सले उनलाई झ्यालखानामा नै राखेका थिए। त्यसपछि फेलिक्सको बदलीमा पोरकियस फेस्टस यहूदीयाको बडा हाकिम भए (प्रेरित २४:२७)। फेस्टसले यहूदिया वा इस्राएलमा सन् ६०देखि ६२सम्म शासन गरेका थिए।

**येशूलाई विश्वास नगर्नेहरूको बीचमा सत्यको बारेमा प्रचार गर्दा कस्तो घृणा उब्जिने रहेछ भनेर प्रेरित २५:१-५ले कसरी बताउँछ? हेर्नुहोस् " १ फेस्तस आफ्नो प्रान्तमा आएका तीन दिनपछि कैसरियाबाट यरूशलेम गए। २ मुख्य पूजाहारीहरू र यहूदीहरूका प्रमुख मानिसहरूले पावलको विरुद्धमा अभियोग लाए, ३ र तिनलाई बाटैमा मार्ने षड्यन्त्र रचेर पावललाई यरूशलेममा झिकाइदिने कृपा होस् भन्ने बिन्ती गरे। ४ तर फेस्तसले पावल कैसरियामै थुनामा राखिएको, र आफू पनि चाँड़ै जाने इच्छा भएको कुरा व्यक्त गरे। ५ उनले भने, "यसकारण तिमीहरूमध्येका नेताहरू त्यहाँ मेरो साथ जाऊन्, र त्यस मानिसमा केही खराबी छ भने त्यसलाई अभियोग लगाऊन्।"**

दुई वर्ष अघि यहूदी धर्मगुरूहरूले पावललाई सजायँ दिन असफल भएका थिए किनकि तिनीहरूले फेलिक्सलाई पावलको बिरुद्धमा लगाइएको आरोपको  सही प्रमाण जुटाउन सकेका थिएनन्। अब नयाँ बडा हाकिमबाट त्यो काम फत्ते गर्न ती धर्मगुरूहरू फेरि अग्रसर भए। जब फेस्टस प्रथम

पटक यरुशलेममा गए तब आफ्नो जातिको हितको निम्ति पावललाई यरुशलेमै झिकाएर यहूदी धर्मको कानुन अनुसार तिनीहरूको धर्मसभा वा सानहिड्रनबाट नै मुद्दा चलाइयोस् भनेर यहूदी धर्मगुरूहरूले अनुरोध गरे।

तर त्यो अनुरोध केवल षडयन्त्रपूर्ण थियो किनभने धर्मसभामा मुद्दा नै नचलाइ पावललाई मार्ने तिनीहरूको नियत थियो। पावलको बारेमा लगाइएको मुद्दाको सुनुवाई गर्न राजी भएतापनि त्यो सुनुवाई यरुशलेममा होइन कैसरियामा नै हुनेछ भनेर उनले बताए। त्यसको अर्थ पावल रोमी नागरिक भएकोले रोमकै कानुन अनुसार उनको मुद्दा हेर्ने निर्णय भएको थियो।

फेस्टस कैसरियामा आउने बित्तिक्कै उनले पावलको सुनुवाई गर्द अदालत बोलाए। पावलका बिरोधीहरूले उनको बिरुद्धमा अनेकौं आरोपहरू लगाउन थाले (प्रेरित २५:७)। यस समय पावलको बिरुद्धमा के के आरोप लगाए भनेर लेखक लूकाले उल्लेख गरेका छैनन्। पावलको जवाफको आधारमा (प्रेरित २५:८) सायद तिनीहरूको आरोप दुई वर्ष अघि जे थियो त्यही हुनसक्थ्यो। तर यसबेला पावल रोमी साम्राज्यको निम्ति खतरनाक व्यक्ति भनेर थप आरोप लगाएको हुनसक्छ। (जतिसुकै रोमको बिरुद्धमा यहूदी धर्मगुरूहरू भएतापनि पावलप्रतिको प्रचण्ड घृणाले गर्दा आफूहरूले रोमको हित चाहेको भनेर राजनैतिक हतियार तिनीहरूले प्रयोग गरेका थिए-अनुवादकको टिप्पणी)।

**पावलको मामिलामा राजनैतिक हतियार प्रयोग गर्न सक्ने भनेर फेस्तुसले देखेको आभास् पाएपछि उनको प्रतिक्रिया कस्तो थियो? हेर्नुहोस् ' ६ तिनीहरूका बीचमा उनी आठ-दश दिनभन्दा बढ़ी नबसी कैसरिया फर्के, र त्यसकै भोलिपल्ट न्याय-आसनमा बसेर उनले पावललाई ल्याउने हुकुम गरे। ७ तिनी आएपछि यरूशलेमबाट आएका यहूदीहरू तिनको वरिपरि उभिए, र पावलको विरुद्धमा अनेक गम्भीर अभियोग लगाए, जसको तिनीहरूले प्रमाण दिन सकेनन्। ८ पावलले आफ्नो पक्षमा बोल्दै भने, "मैले यहूदीहरूको व्यवस्थाको विरुद्धमा, मन्दिरको विरुद्धमा, र कैसरको विरुद्धमा केही अपराध गरेको छैनँ।" ९ तर फेस्तसले यहूदीहरूलाई खुशी तुल्याउनका निम्ति पावललाई भने, "के तिमी यरूशलेममा गएर त्यहाँ मेरो सामुन्ने यी कुराका विषयमा इन्साफ गरिओस् भन्ने इच्छा गर्छौ?" १० तर पावलले भने, "म कैसरको न्याय-आसनको सामुन्ने खड़ा भइरहेछु, जहाँ मेरो इन्साफ हुनुपर्छ। यहूदीहरूलाई मैले कुनै खराबी गरेको छैनँ, सो हजूरमा राम्रै जाहेर छ। ११ यदि म अपराधी हुँ, र मैले**

**ज्यानसजाय पाउने योग्यको काम गरेको छु भने मर्नलाई म इन्कार गर्दिनँ। तर यदि यिनीहरूले मलाई लगाएका अभियोगमा केही तथ्य छैन भने मलाई यिनीहरूका हातमा कसैले सुम्पन सक्दैन। म कैसरकहाँ अपिल गर्दछु।" १२ फेस्तसले सल्लाहकारहरूसँग परामर्श गरेर भने, "तिमीले कैसरकहाँ अपिल गऱ्यौ, तिमी कैसरकहाँ नै जानेछौ।" प्रेरित २५:६-१२।**

राजनैतिक रणनीति अनुसार फेस्तस पनि फेलिक्स भन्दा भिन्न नभएको देखाए (प्रेरित २४:२७)। भर्खरै बडा हाकिमको पदमा नियुक्त भएको फेस्तस यहूदीहरूको समर्थनबाट अलगिन नचाहेकोले पावललाई सफाई दिन चाहेनन्। त्यसकारण यहूदीहरूलाई नै खुशी पार्न तिनीहरूको अनुरोधलाई मात्र तयार भए। त्यो थियो, पावललाई यरुशलेममा यहूदी धर्मसभामानै मुद्धा चलाइने।

शत्रुहरूको हातमा पर्दा आफूलाई के हुनेहो भनेर सो थाहा पाएर र तिनीहरूबाट सही न्याय पाउन नजानेर पावलले फेस्तसको प्रश्न स्वीकार नभएको पावलले बताए। पावलले आफ्नो रोमी अधिकार प्रयोग गरेर आफूलाई रोमकै कानुन अनुसार मुद्दा छिनाउनु पर्छ भनेर जिकिर गरे। आफू बिरुद्धको मुद्दालाई कुनै तवरबाट नछिन्ने भएको थाहा पाएर पावलले रोमको उच्च न्यायलयमा अपिल गर्ने निर्णय गरे। त्यो न्याय अदालतको प्रधान न्यायधिस सम्राट् आफै थियो।

## ३. राजा अग्रिपाको सामु पावल

पावललाई उनकै अनुरोधमा रोममा पठाउन फेस्तसले मञ्जुरी दिए (प्रेरित २५:१२)। फेरि त्यसैवखत बडा हाकिमले राजा अग्रिपा दोस्रो राजकीय भ्रमणको फाइदा उठाएर पावलको मुद्दाको बारेमा परामर्स गर्न निर्णय गरे। रोमको सम्राटलाई कस्तो खालको कागज लेखेर आधिकारीकरूपमा पेश गर्ने भनेर अग्रिपाबाट सल्लाह लिन चाहे। रोमी बडा हाकिम फेस्तसलाई यहूदी नीतिहरूको बारेमा त्यस्तो ज्ञान नभएकोले अग्रिपाले सहायता गर्लान् भनेर उनले चाहेका थिए (प्रेरित २६:२,३)।

**फेस्तसले राजा अग्रिपालाई पावलको बारेमा के बताए र राजाको उत्तर के थियो? हेर्नुहोस् प्रेरित २५:१३-२२ " १३ केही दिन बितेपछि फेस्तसलाई अभिवादन गर्न राजा अग्रिपास र बरनिकी कैसरियामा आइपुगे। १४ तिनीहरू त्यहाँ निकै दिन बसेपछि फेस्तसले पावलको मुद्दा राजाको सामुन्ने यसो भन्दै पेश गरे, "फेलिक्सले राखेर गएको एक जना बन्दी यहाँ छ, १५ जसको बारेमा, म यरूशलेममा छँदा, मुख्य पूजाहारीहरू र यहूदीहरूका धर्म-गुरुहरूले त्यसको**

विरुद्धमा अभियोग लाएर त्यसलाई दण्ड दिनुपर्छ भनी अनुरोध गरेका थिए। १६ "अभियुक्तले अभियोक्ताहरूसँग मुखामुख नभई, र आफ्नो विरुद्धमा लाएको अभियोगको विषयमा बोल्ने मौका नपाईकन कुनै मानिसलाई त्यसै दण्डाज्ञा दिने रोमीहरूको प्रथा छैन भनी मैले तिनीहरूलाई जवाफ दिएँ। १७ जब तिनीहरू जम्मा भएर यहाँ आए, मैले ढिलो नगरिकन भोलिपल्टै न्याय-आसनमा बसेर तिनलाई हाजिर गराउने हुकुम गरें। १८ जब अभियोक्ताहरू खड़ा भए मैले ठानेझैं तिनको मुद्दामा कुनै खराब कुराहरूको अभियोग तिनीहरूले ल्याउन सकेनन्। १९ तर तिनीहरूको मतभेदचाहिँ तिनीहरूकै धर्मको विषयमा र मरिसकेका येशूको विषयमा रहेछ, जसलाई पावलले चाहिँ अझै जीवित छ भनी दाबी गर्दथियो। २० यसैले यस कुराको जाँच पड़ताल गर्ने विषयमा म अलमल्ल परेको हुँदा यसको बारे छलफल गर्न यरूशलेममा जान त्यसको इच्छा छ कि भनेर त्यसलाई मैले सोधें। २१ तर पावलले सम्राट्को फैसला नभएसम्म हिरासतमै राख्नू भनी अपिल गरेको हुनाले त्यसलाई कैसरकहाँ नपठाउञ्जेल पहरामा राख्ने हुकुम दिएँ।" २२ तब अग्रिपासले फेस्तसलाई भने, "यस मानिसको कुरा म आफैले पनि सुन्न पाएँ हुन्थ्यो।" अनि उनले भने, "भोलि तपाईंले सुन्नुहोला।"

*अग्रिपा दोस्रो हेरोदी बंशको अन्तिम राजा थिए। रोमी नयाँ बडा हाकिमलाई बधाई दिन आफ्नो बहिनीसँग कैसरियामा उनी आएका थिए।*

पावलको बारेमा फेस्तसको बयानमा उनीप्रति लगाइएको अभियोग कुनै राजनीतिसँग सम्बन्ध नभएकोले र कुनै राष्ट्रघाती नभएकोले त्यसलाई आफूले अचम्म मानेको देखाएका थिए। फेरि उनीप्रति लगाएको आरोपमा उनी अपराधी ठहर भएको देखिएको थियो भनेर पनि उनले स्वीकारेका थिए। बरू कुनै यहूदी धर्मको मामिला र कुनै येशू जो मरेका थिए तर जीवितै छन् भनेर पावलले जिकिर गरेको (प्रेरित २५:१९) भनेर राजालाई सुनाए। येशूको पुनरुत्थानको विश्वासको मामिलालाई लिएर यहूदी धर्मसभामा बताएर आफू मुद्दामा फसेको कुरा पावलले अघि नै भनिसकेका थिए। फेस्तसले पनि राजालाई यही मामिलालाई लिएर पावलको बिरोधमा मुद्दा दायर भएको बताए।

जुन राजकीय रवाफसाथ अग्रिपा देखापरे र पावल उनको अगाडि उभिए भनेर लूकाले वयान गरेको हेर्नुहोस् प्रेरित २५:२३-२७ " २३ भोलिपल्ट अग्रिपास र बरनिकी बड़ो रवाफसँग सेनापतिहरू र सहरका प्रमुख मानिसहरूका साथ सभाभवनमा पसे। अनि फेस्तसको हुकुम पाएर पावल हाजिर गराइए।

**२४ फेस्तसले भने, "राजा अग्रिपास र हामीसँग यहाँ भएका सबै उपस्थित सज्जन हो, तपाईंहरूले यस मानिसलाई देख्नुहुन्छ, जसको विषयमा सारा यहूदीहरूले 'यो मानिस अब उप्रान्त जिउने योग्यको छैन' भनी यरूशलेममा र यहाँ पनि मसँग बिन्ती गरेका थिए। २५ तर ज्यानसजाय पाउनुपर्ने यसले केही गरेको मैले नभेट्टाएकोले र यो आफैले पनि सम्राट्कहाँ अपिल गरेको हुनाले मैले यसलाई पठाउने निश्चय गरें। २६ यसको विषयमा मैले मेरा सम्राट्लाई लेख्ने विशेष कुरा केही छैन। यसकारण मैले यसलाई तपाईंहरूका सामुन्ने, र खास गरेर, हे राजा अग्रिपास, तपाईंको सामुन्ने ल्याएको छु, र हामीले यसको जाँच गरेपछि सायद मैले केही लेख्ने कुरा पाउनेछु। २७ किनभने कैदीको विरुद्धमा कुनै अभियोग नबताईकन त्यसलाई पठाउन मलाई मनासिब लाग्दैन।"**

"सिक्रीले बाँधिएकै अवस्थामा पावल बडा हाकिम र राजाले बोलाएको अदालतको सामु उभिए। त्यहाँ पावलको मुद्दा सुन्न धेरै मानिसहरू जम्मा भएका थिए। राजा अग्रिपा र बरनिस पद, अधिकार र शक्तिले सम्पन्न भएर रवाफिलोसाथ सबैको सामु गद्दीमा बसेका थिए। तिनीहरू मानिसहरूको सामु प्रख्यात थिए तर तिनीहरूको विपरित पावल सिक्रीले बाँधिएर कहालीलाग्दो अवस्थामा तिनीहरूको सामु उभिएका थिए। ती राजा तथा शासकहरूमा परमेश्वरले चाहेको चरित्रको कमी थियो। तिनीहरूले परमेश्वरको व्यवस्थालाई उल्लङ्घन गरेका थिए, तिनीहरूको हृदय र जीवन भ्रष्ट थियो। तिनीहरूको क्रियाकलाप स्वर्गको सामु घिनलाग्दो थियो।"-एलेन जी ह्वाइट, द आक्टस अभ आपोस्टलस्, पृ. ४३४बाट रूपान्तरित।

**मानिसहरूले प्रशंसा गरेतापनि त्यो बाहिरी देखावटी र धोकापूर्ण हुनसक्छ भनेर त्यस कथाले हामीलाई कसरी सिकाउँदछ? हामीहरूकै जीवनलाई नियालेर हेरौं। हामीहरूको देखाउने र वास्तविक जीवनले हामीहरूको बारेमा के भन्दछ?**

## ४. पावल आफ्नो पक्षमा वकालत गर्दछन्

अदालत बसियो। राजकीय पाहुनाहरू बडा हाकिमकासाथ बसेको बेलामा आफ्नो पक्षमा बोल्न कैदी पावललाई बोलाइयो। खास गरेर पावलले राजाको अगाडि आफ्नो मुद्दा पेश गर्नुपरेको थियो किनभने फेस्तसले अगाडि नै पावलको मुद्दा सुनिसकेको थियो (प्रेरित २५:८-११)।

**अग्रिपाको सामु पावलले बोल्दा उनले के गरिरहेका थिए? पढ्नुहोस् प्रेरित २६:१-२३ " १ अग्रिपासले पावललाई भने, "तिमीलाई आफ्नो पक्षमा**

बोल्ने अनुमति छ।" तब आफ्नो हात पसारेर पावलले आफ्नो बचाउमा बोल्न
लागेः २ "हे राजा अग्रिपास, यहूदीहरूले मलाई लगाएका सबै दोषको विषयमा
आज हजूरको सामुन्ने मैले आफ्नो बचाउमा बोल्न पाएकोमा म आफूलाई
भाग्यशाली ठान्छु। ३ यहूदीहरूका सबै प्रथा र वाद-विवादका कुरामा हजूर
विशेष रूपले परिचित हुनुभएको हुनाले, मेरो बयान धैर्यपूर्वक सुनिदिनुहोस् भनी म
बिन्ती गर्दछु। ४ "मेरो जातिको बीचमा र यरूशलेममा सुरुदेखि बिताएको मेरो
युवावस्थादेखिको मेरो जीवन शैली यहूदीहरूलाई थाहा छ। ५ लामो समयदेखि
तिनीहरूलाई थाहा भएकै कुरा हो, कि हाम्रो धर्मको सबैभन्दा कट्टर पन्थी
दलअन्तर्गत मैले एक फरिसी भएर मेरो जीवन यापन गरेको छु। तिनीहरूले
चाहे भने यस कुराको गवाही दिन सक्नेछन्। ६ परमेश्वरले हाम्रा पुर्खाहरूलाई
गर्नुभएको प्रतिज्ञामा मैले आशा राखेको कारणले आज म यस मुद्दामा खड़ा
भएको छु। ७ हाम्रा बाह्रै कुलहरूले यो आशा प्राप्त गर्नलाई रातदिन एक
चित्तले आराधना गर्दछन्, र यही आशाको निम्ति, हे राजा, यहूदीहरूले मलाई दोष
लगाएका छन्। ८ परमेश्वरले मृतकहरूलाई जीवित पार्नुहुन्छ भन्ने कुरा किन
तपाईंहरू कसैलाई पत्यार नलागेको? ९ "नासरतका येशूका नाउँको विरुद्धमा
धेरै कारबाई गर्नुपर्छ भन्ने म आफैलाई पनि विश्वास थियो। १० मैले
यरूशलेममा त्यसै गरें, र मुख्य पूजाहारीहरूबाट अख्तियार पाएर धेरै सन्तहरूलाई
मैले झ्यालखानमा हालेको मात्र होइन, तर तिनीहरूलाई मार्दा तिनीहरूकै
विरुद्धमा मैले मेरो मत पनि दिएँ। ११ अनि सबै सभाघरहरूमा तिनीहरूलाई
बारम्बार सजाय दिईकन तिनीहरूलाई विश्वास त्याग गराउने चेष्टा गर्थे।
तिनीहरूका विरुद्धमा क्रोधले उन्मत्त भईकन बाहिरका सहरहरूमा पनि मैले
तिनीहरूलाई सताएँ। १२ "यसरी मुख्य पूजाहारीहरूबाट अख्तियार र आज्ञा पत्र
पाएर म दमस्कसतिर गएँ। १३ हे राजा, मध्यदिनमा मैले स्वर्गबाट सूर्यभन्दा
पनि उज्ज्वल ज्योति देखें, जो म र मसँग यात्रा गर्नेहरूका चारैतिर चम्किरहेको
थियो। १४ जब हामी सबै जमिनमा लोटेका थियौं, तब हिब्रू भाषामा मलाई यसो
भनिरहेको आवाज मैले सुनें, "शाऊल, शाऊल, तिमी किन मलाई सताउँदछौ?
सुइरोमा लात हान्दा तिमीलाई नै दुख्छ।" १५ "अनि मैले भनें, 'हे प्रभु, तपाईं
को हुनुहुन्छ?' प्रभुले मलाई भन्नुभयो, 'म येशू हुँ, जसलाई तिमी सताइरहेछौ।
१६ तर उठ र आफ्ना पाउमा खड़ा होऊ, किनभने ममा तिमीले देखेका र मैले
तिमीलाई देखाउने कुराका निम्ति सेवक र साक्षी नियुक्त गर्ने उद्देश्यले म
तिमीकहाँ देखा परेको छु। १७ म तिमीलाई तिम्रा आफ्नै जाति र अन्यजातिबाट

**छुटकारा दिनेछु, जसकहाँ म तिमीलाई पठाउनेछु, १८ कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।' १९ "यसकारण, हे राजा अग्रिपास, स्वर्गीय दर्शनप्रति म अनाज्ञाकारी भइनँ। २० तर पहिले दमस्कसमा, तब यरूशलेममा र सारा यहूदिया देशभरि रहनेहरूलाई, र अन्यजातिहरूलाई पनि पश्चात्ताप गरेर परमेश्वरतिर फर्क र आफ्ना पश्चात्ताप योग्यका काम गर भनेर मैले प्रचार गरें। २१ यसैकारण यहूदीहरूले मलाई मन्दिरमा पक्रेर मार्ने चेष्टा गरे। २२ आजको दिनसम्म परमेश्वरबाट मैले सहायता पाएको छु। यसैले साना ठूला दुवैलाई गवाही दिँदै म यहाँ खड़ा भएको छु। अगमवक्ताहरूले र मोशाले बोलेका वचन अवश्य पूरा हुनेछन् भन्ने कुराबाहेक मैले अरू केही भनेको छैनँ– २३ उनीहरूले भनेका थिए कि ख्रीष्टले दुःख भोग्नैपर्छ, र मृतकबाट जीवित हुनुभएको पहिलो भएर उहाँले आफ्ना जाति र अन्यजातिहरूलाई ज्योतिको घोषणा गर्नुहुनेछ।"**

पावलले आफ्नो बचाऊको निम्ति बोलेका वचनहरूमा उनको पहिले र पछि येशूलाई विश्वास गरेपछिको जीवन कहानीको बृतान्त पेश गरेका थिए। प्रेरित २२:१-२१मा यरुशलेममा जम्मा भएका भिडलाई सम्बोधन गरेको विषयबस्तु नै राजा अग्रिपालाई सुनाएका थिए।

राजालाई आफ्नो पक्षमा लिन पावलले बोल्ने प्रयास गरिरहेका थिए। सरकारमा रहेका गन्यमान्य व्यक्तिहरूको सामु आफूलाई बोल्ने अवसर मिलेकोले पावलले आफ्नो कृतज्ञता व्यक्त गरेका थिए। त्यसमापनि यहूदी धर्मका संस्कार र धर्मको बिषयबस्तुप्रति राम्रोसँग ज्ञान भएका राजा अग्रिपाको सामु आफू उभिनुपर्दा आफू आभारी भएको जनाएका थिए। त्यही कारणले उनको खिलाफमा लगाइएको अभियोगहरूको केही औचित्य छैन र ती झुटा हुन् भनेर रोमी बडा हाकिमले लेख्न राजा अग्रिपाले सहायता गर्न ठूलो सहयोग मिल्नेछ भनेर पावलले राजाको सामु आफ्नो विश्वास प्रकट गरेका थिए।

पावलले सम्बोधन गरेको भाषणलाई तिन भागमा विभाजित गर्न सकिन्छ। पहिलो भाग प्रेरित २६:४-११मा आफू फरिसी मतको कस्तो कट्टर व्यक्ति भएको सारा यरुशलेमका मानिसहरूलाई थाहा भएको अवगत गराए। फरिसी भएकोले मृत्युको पुनरुत्थान हुन्छ भनेर आफूले विश्वास गरेको बताए। यो इस्राएली पूर्खाहरूले आशा गरेको पूरा हुने शिक्षाको मूल सार

थियो। तर आफूले प्रचार गरेको पनि त्यही शिक्षा हो भनेर देखाउँदा पनि यहूदीहरू आफ्नै शिक्षा वा विश्वास गरेको नीतिमा नचलेको पावलले खुलाए। आफूले सिकाएको शिक्षा यहूदी धर्मको मौलिक शिक्षासँग नबाझेको पावलले देखाए। यहूदी धर्मको भनाइ र गराइमा आफू पनि रहेको उनले बुझेका थिए किनकि परमेश्वरले येशूलाई पुनरुत्थान गर्नुहुन्छ भन्ने कुरामा आफूले पनि विश्वास नगरेको र येशूमार्गमा हिँड्नेहरूलाई सताएको उनले बताए।

दोस्रो भाग प्रेरित २६:१२-१८मा छ। जब दमस्कसको बाटोमा येशूसँग जम्का भेट भयो तब आफ्नो दृष्टिकोण कसरी बदलियो र अन्य जाति वा अयहूदीहरूलाई सुसमाचार सुनाउने जिम्मा आफूले पाएको बृतान्त राजालाई सुनाएका थिए।

अन्तमा प्रेरित २६:१९-२३मा पावलले भन्दछन् कि आफूले देखेको र अनुभव गरेको कुरालाई मात्र र त्यसै अनुसार चल्नको बिकल्प नभएको राजालाई बताए। आफूले पाएको सुसमाचारको कामलाई अगाडि बढाउने गरेकै कारणले आफू मुद्दामा फसेको राजाको सामु पावलले जिकिर गरेका थिए। आफूले यहूदी धर्मको कुनै व्यवस्था उलङ्घन नगरेको न त मन्दिरलाई अपवित्र पारेको पावलले सुनाए। तर धर्मशास्त्र सम्मत आफूले सिकाएको येशूको मृत्यु र पुनरुत्थान र अयहूदी वा अन्य जातिहरूले पनि मुक्तिको मामिलामा बराबरी अधिकार पाउनुपर्छ भनेर सिकाएकोले नै आफूलाई यहूदीहरूले पक्रिएर मुद्दा चलाएको राजाको सामु खुलस्त वयान दिए।

**प्रेरित २६:१८मा येशूले पावललाई दिनुभएको आदेशमा भनिएको छ " कि तिमीले तिनीहरूका आँखा खोलिदेऊ, र तिनीहरू अन्धकारबाट ज्योतितर्फ, र शैतानको शक्तिबाट परमेश्वरतर्फ फर्कून्। यसरी तिनीहरूले पापको क्षमा पाउनेछन् र ममाथिको विश्वासद्वारा पवित्र भएकाहरूको स्थान तिनीहरूले पनि पाउनेछन्।' उपर्युक्त पदले जब मानिसहरूले येशू ख्रीष्टमा मुक्ति पाउँछन् तब तिनीहरूलाई के हुनेछ त? के त्यसको बास्तविकता तपाईंले अनुभव गर्नुभएको छ?**

## ५. देशका शासक तथा अगुवाहरूसामु पावल

पावलले राजा अग्रिपालाई सिधै सम्बोधन गरिरहेको भएतापनि बडा हाकिम फेस्तस सबभन्दा पहिलो व्यक्ति थियो जसले पावलको सुनुवाईको प्रतिक्रिया जनाएका थिए। फेस्तस अत्यन्त क्रुद्ध भएर यसरी बोले " तिनले यी आफ्नो बचाउका कुराहरू बोलिरहेकैमा फेस्तसले ठूलो स्वरमा भने, "ए पावल,

तँ बौलाहा होस्, तेरो धेरै विद्याले तँलाई बौलाहा तुल्याएको छ।" प्रेरित २६:२४। मानिस अमर छ भन्ने धारणा पावलले बोलिरहेका भए फेस्तसलाई केही समस्या हुने थिएन। पौराणिक ग्रीक र रोमी सभ्यता वा धर्ममा अमरत्व र पुनरुत्थानको धारणा सँगै मिल्दैनथ्यो। त्यसैले गर्दा मानिस अमर छ वा कहिल्यै मर्दैन भन्ने विश्वासलाई तिनीहरूले कायम राखेका थिए तर पुनरुत्थानलाई भने अस्वीकार गरेका थिए। त्यसैकारण सुसमाचार अयहूदी वा अन्य जातिहरूको निम्ति मूर्खता भनेर पावलले १ कोरन्थी १:२३मा सम्बोधन गरेका थिए।

अत्यन्त शिष्ट तरिका अपनाएर आफ्नो धारणा उचित भएको भनेर त्यसको पक्षमा बोले र राजा अग्रिपातिर पावल फर्कन्छन्। अग्रिपा यहूदी भएको कारणले पावलले प्रस्तुत गरेको बिषयमात्र थाहा नभएको होइन उनले के भनिरहेका थिए हिब्रू वा बाइबलका अगमबक्ताहरूले बोलेका कुराहरूसँग तालमेल भएको छ (प्रेरित २६:२५,२६)।

**जब पावलले धर्मशास्त्रको सत्यतालाई औंल्याएर राजा अग्रिपाको मन जित्न खोजे तब उनले कस्तो जवाफ दिए? हेर्नुहोस् प्रेरित २६:२५-२८ " २५ तर पावलले भने, "अति आदरणीय फेस्तस, म बौलाहा होइनँ, तर सत्य र सुबुद्धिका कुराहरू बोल्दछु। २६ किनकि राजा स्वयम्ले यी कुराका विषयमा जान्नुहुन्छ, जसको सामुन्ने म निर्धक्कसँग बोल्दैछु। किनकि यी कुनै कुरा उहाँबाट छिपेको छैन, किनकि यो कुरा गुपचूपमा गरिएको होइन। २७ राजा अग्रिपास, के हजूरले अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ? म जान्दछु, हजूरले विश्वास गर्नुहुन्छ।" २८ अग्रिपासले पावललाई भने, "के थोरै समयमा तिमी मलाई ख्रीष्टियान बनाउन चाहन्छौ?"**

पावलको प्रश्नले अग्रिपालाई अपठ्यारो स्थितिमा पारेको थियो। आफू यहूदी भएको हुनाले धर्मशास्त्रमाथि आफ्नो विश्वासलाई कहिल्यै अस्वीकार गर्ने थिएनन्। तर यदि उनले पावलको प्रश्नलाई सकारात्मक रूपमा जवाफ दिएका भए येशूलाई मसीह भनेर स्वीकार्नुको बिकल्प उनलाई हुने थिएन। आफू अपठ्यारो स्थितिमा पुगेको र पावलको प्रश्न तर्कयुक्त भएकोले त्यसबाट बच्न उनले चलाखीका साथ यसरी जवाफ दिए: "तिमीले यसरी सजिलैसँग मलाई इसाई बनाउन सक्छौ भनेर भन्न खोजेको कि क्या हो?" (प्रेरित २६:२८रूपान्तरित)। ग्रीक र अरू भाषामा अनुवाद गरिएको भन्दा उक्त

अनुवाद राम्रो देखिन्छ। जसमा भनिएकोछ "तिमीले मलाई झण्डै यति छिटो इसाई हुन राजि बनाउन खोज्यौ।"

पावलको जवाफमा सुसमाचारप्रति झन् प्रभावकारी समर्पण हुनुपर्ने प्रकट गर्दछः "छिट्टो होस् वा ढिलो होस्, हजुरमात्र होइन आज मलाई सुन्ने सबै जना म जस्तो होउन् भनि म परमेश्वरसँग प्रार्थना गर्दछु। तर मेरो जस्तो सिक्रीहरूले बाँधिनु पर्ने नहोस्।" (प्रेरित २६:२९ रूपान्तरित)। पावलले बोलेको अन्तिम शब्दहरूमा आफू बन्धनबाट छुटकारा पाउन अनुरोध थिएनन् जसरी उनलाई सुन्नेहरू स्वतन्त्र थिए। बरू तिनीहरू पनि उनी जस्तो होउन् भनेर उनले इच्छा व्यक्त गरे तर आफूलाई सिक्रीहरूले बाँधेको जस्तो अरूलाई नबाधिँयोस् भन्ने चाहना पनि उनको जवाफले आभास् दिएका थिए। सुसमाचार प्रचार गर्ने जोशले आफ्नो सुरक्षाको वास्ता पावलले गरेका थिएनन्।

**पावल निर्दोष छन् भनेर राजा अग्रिपाले कसरी व्यक्त गरे? हेर्नुहोस् प्रेरित २६:३०-३२ " ३० तब राजा, हाकिम, बरनिकी र त्यहाँ बस्नेहरू जति सबै उठे। ३१ तब तिनीहरू निस्केपछि आपसमा यसो भन्दै कुरा गरे, "यस मानिसले प्राणदण्ड पाउने अथवा कैद जाने माफिकको केही काम गरेको छैन।" ३२ अग्रिपासले फेस्तसलाई भने, "यसले कैसरकहाँ अपिल नगरेको भए त यस मानिसलाई छोडिदिए पनि हुनेथियो।"**

पावलको मुद्दालाई लिएर सम्राटलाई कसरी लेख्ने भनेर राजा अग्रिपाको सहयोग फेस्तसले मागेका थिए (प्रेरित २५:२५-२७)। सिजर राजासँग आफ्नो मुद्दाको सुनुवाई होस् भनेर पावलले गरेको बिन्ति आधिकारिकरूपमा स्वीकारी सकेका थिए (प्रेरित २५:१२)। त्यसको अर्थ कैदी अब बडा हाकिमको **अधिकारभित्र** रहेको थिएन।

**पावलले आफ्नो चाहनालाई आखिरमा कसलाई सुम्पेका थिए? हामीहरूको विश्वासको अन्तिम निर्णय कसमाथि हुनुपर्छ? हामीहरू सधैं कसको अधिकारमा हाम्रो विश्वास अडिनुपर्छ? हेर्नुहोस् फेरिः " २४ तिनले यी आफ्नो बचाउका कुराहरू बोलिरहेकैमा फेस्तसले ठूलो स्वरमा भने, "ए पावल, तँ बौलाहा होस्, तेरो धेरै विद्याले तँलाई बौलाहा तुल्याएको छ।" २५ तर पावलले भने, "अति आदरणीय फेस्तस, म बौलाहा होइनँ, तर सत्य र सुबुद्धिका कुराहरू बोल्दछु। २६ किनकि राजा स्वयम्ले यी कुराका विषयमा जान्नुहुन्छ, जसको सामुन्ने म निर्धक्कसँग बोल्दैछु। किनकि यी कुनै कुरा उहाँबाट छिपेको छैन, किनकि यो कुरा गुपचूपमा गरिएको होइन। २७ राजा अग्रिपास, के हजूरले**

**अगमवक्ताहरूमाथि विश्वास गर्नुहुन्छ? म जान्दछु, हजूरले विश्वास गर्नुहुन्छ।" २८ अग्रिपासले पावललाई भने, "के थोरै समयमा तिमी मलाई ख्रीष्टियान बनाउन चाहन्छौ?" प्रेरित २६:२४-२८।**

## उपसंहारः

"के  अग्रिपाको दिमागले आफ्नो बिगतको परिवारको इतिहासलाई केलाएर हेरेर पश्चाताप गरे त? के पावलले प्रचार गरिरहेका परमेश्वरको खिलाफमा उनले बेकारमा जारी गरिरहेको प्रयासलाई रोके त? के उनको जिज्युबाजे हेरोद र उनले बेथलहेमका अजान बालबालिकाहरूको आम हत्या भएको अग्रिपाले सोचे त? वा उनको जिज्यु काका आन्टिपासले बप्तिस्मा दिने यूहन्नाको हत्या गरेको कुरा उनले सम्झे त? वा आफ्नो बुबा अग्रिपा प्रथमले येशूका चेला याकूबलाई शहीद बनाएको उनले सोचे त? आफ्ना पूर्खा राजाहरूमा बज्रेको घोर बिपत्तिहरू तिनीहरूको अपराधी क्रियाकलापले गर्दा परमेश्वरको क्रोध बर्षिएको उनलाई थाहा थियो त? ती बिपत्तिहरू तिनीहरूमाथि बज्रनु नै परमेश्वरका  सेवकहरूलाई कष्ट दिएको प्रमाण थियो। आफू राजकीय रवाफका साथ आउँदा के उनले आफूभन्दा पनि शक्तिशाली आफ्नै बुबा हेरोद अनेकौं रङ्गीचङ्गी र आकर्षित गर्ने पोशाक पहिरिएर मानिसहरूको सामु खडा भएर बोल्दा उनको आवाज मानिसको होइन तर परमेश्वरको हो भनेर त्यही सहरमा चिच्याउँदा उनलाई के भएको थियो भनेर उनले सम्झेका थिए त? जब अर्थ नभएको आफ्नै महिमा खोज्ने राजा हेरोदको परमेश्वरको भयानक, तुरन्तै र बदलालिने श्रापमा परेर सबैको सामु ठहरै भएर मर्दा उनको प्रशंसा गर्ने भिडहरू सेलाएर गएको के उनले बिर्से त? ती सबै कुराहरू राजा अग्रिपा दोस्रोको दिमागमा बिजुली  चम्केझैं चम्किएको थियो, तर उनको आफ्नै तडकभडक वा देखावटी श्रृंगारको चम्किलो दृश्यले उनलाई घमण्ड चढाएको थियो र आफ्नो भाऊ खोज्ने दिमागले गर्दा सबै खालका आदर्श वा उच्च सोचहरूको महत्त्वतालाई बिलाइदिएको थियो।"-एलेन जी ह्वाइट, द एसडिए कमेन्टरी, ठेली ६, पृ. १०६६,१०६७बाट रूपान्तरित।

## चिन्तनमननः

**अ. जब पावलले आफ्नो मुद्दा तत्कालीन विश्व सम्राट राजा सिजरको सामु पेश गर्न गरेको निर्णय ठिक थियो त? (प्रेरित २५:२५, २६:३१,३२सँग दाँज्नुहोस्)। परमेश्वरमाथि नै पूरा भरोसा नराखिकन**

आफ्नो सुरक्षाको निम्ति कानुनीरूपमा जानु कतिको जायज देखिन्छ वा कतिसम्म हामी अघि बढ्नुपर्छ?

आ. "त्यसकारण हे राजा अग्रिपा, मैले पाएको स्वर्गको दर्शनलाई अस्वीकार गरेको छैन" (प्रेरित २६:१९ रूपान्तरित) भन्ने पावलको बक्तव्यको बारेमा सोच्नुहोस्। पावलको बारेमा त्यसले हामीलाई के भन्छ? बप्तिस्समा लिने बेलामा इसाई भएर परमेश्वरको सुसमाचार सुनाउने काममा संलग्न हुन्छु भनेर कसम खाने तर पछि त्यसलाई सेलाउन दिने प्रवृत्तिले हामीलाई के भन्छ? (हेर्नुहोस्: "९ तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक। १० एक पल्ट तिमीहरू प्रजा थिएनौ, तर अब तिमीहरू परमेश्वरका प्रजा भएका छौ। एक पल्ट तिमीहरूले कृपा पाएका थिएनौ, तर अब तिमीहरूले कृपा पाएका छौ।" १ पत्रुस २:९-१०)।

इ. संख्यामा होइन तर मानिसहरूप्रति पावलको प्रेमको जोश थियो। हुन त केसरियामा उनको अन्तिम सुनुवाईमा पावलले आफ्नो भित्री भावना श्रोताहरूलाई यसरी व्यक्त गरेका थिए "मलाई सुन्ने सबै मानिसहरू म जस्तै होस् भन्ने मेरो हृदयदेखिको चाहना छ।" अर्थात् परमेश्वरको अनुग्रहले मानिसहरूले मुक्ति पाउन् (प्रेरित २६:२९)। आफ्नो स्वतन्त्रता वा न्याय पाउनुभन्दा सबै मानिसहरूले परमेश्वरले दिनुहुने मुक्तिको अनुभव गरुन् भन्ने पावलको चाहना थियो। उनको अनुकरणीय उदाहरणबाट हामी के सिक्न सक्छौं? सुसमाचार अरूले पनि सुनुन् भन्ने हेतुले हामी कतिको त्याग गर्न इच्छुक छौं?

ई. पावलको मुखैबाट सुसमाचार सुनेर येशूलाई ग्रहण गर्ने अवसर राजा अग्रिपालाई मिलेको थियो। तैपनि उनले ग्रहण गरेनन् वा पावलको अपिललाई ठाडै अस्वीकार गरे। हामीहरूको जीवनमा ठूलो अवसरहरू आइपुग्दा त्यसलाई नचुकाउन हामी कसरी सतर्क भएर बस्ने? अर्थात् हामीहरूको दैनिक जीवनको सेरोफेरोमा हामीहरूको आत्मिक वातावरणलाई कसरी ब्युँताइ राख्ने?

## कथा १२

## दोस्रो जीवन पिटर,४० चीन

पिटरले हिसाब सिकाउने शिक्षक बन्न २४ वर्षसम्म अध्ययन गरेको थियो। ऊ चीनको एक गाउँमा रहेका आफ्ना गरिब आमाबाबुहरूको स्याहार गर्न चाहन्थ्यो। तर स्वास्थ्यमा सङ्कट आएकोले उसको योजना भताभुङ्ग भयो। एकै छिनमा उसले सबै थोक गुमाएको महसुस गऱ्यो।

"यदि त्यस्तो परिस्थिति नआएको भए मैले परमेश्वरको नजिक कहिल्यै आउने थिइँन होला। यस सङ्कटबाट नै परमेश्वरले उहाँतिर डोऱ्याउनुभयो र मलाई सत्य आत्मज्ञान सिक्न अगुवाई गर्नुभयो।

कलेजबाट ग्राजुएत भएपछि पिटरलाई एक माध्यमिक स्कूलमा हिसाब पढाउन नियुक्त गरियो। उसको नयाँ भविष्य र पैसा कमाउने आशाले ऊ खुशी भएको थियो। तर पिटर र उसका साथीहरूले स्कूलमा पढाउनुभन्दा अघि स्थानीय शिक्षा विभाग अनुसार स्वास्थ्य परिक्षणमा सफल हुनु आवश्यक थियो। "म कलेजमा हुँदा मैले धेरै बास्केटबल र सकर खेलेको थिएँ। स्वास्थ्य परीक्षणमा मलाई कुनै समस्या हुनेछैन भनेर मैले भन्ठानेको थिएँ" पिटरले भन्यो।

तर जब स्वास्थ परिक्षणको रिपोर्ट आयो तब दुई विद्यार्थीहरू सफल नभएको थाहा पाए। तिनीहरूमा पिटर र एक जना युवकको आमा थिए। तर पिटरलाई आफू स्वस्थ भएको विश्वास लागेकोले कलेजकै अनुरोधमा दोस्रो पल्ट स्वास्थ्य परीक्षण गरियो। यस पटक पनि पिटर फेल भयो। पिटरको कलेजोमा गम्भीर रोग छ र त्यसलाई निको पार्न नसकिने भनेर डाक्टरले सुनाए। त्यसले गर्दा शिक्षण पेसामा लाग्न कलेजले पिटरलाई अयोग्य ठहऱ्यायो।

"त्यसबेलामा मेरो सम्पूर्ण सपना चक्नाचुर भएको महसुस भयो। मैले सबै थोक गुमाएको जस्तो लाग्यो। मेरा आमाबाबुलाई गरिबपनाबाट उचाल्न धेरै वर्ष कडा परिश्रम गरेको थिएँ। मेरो अभिलाषा पूरा भएको जस्तो लागेको थियो तर सबै थोक बिलाएर गयो। म एकदम निराश भएँ" पिटरले सुनायो।

त्यस रात पिटरले एउटा पुलमा उभिएर अन्धकार आकाशमा चिच्यायो, "लावटेन!" अर्थात् चाइनिज भाषामा उच्च शक्ति। "हे उच्च शक्ति तिमीले मलाई अन्याय गऱ्यौ!" पत्रुस धुरूधुरू रोयो। एक छिन त पुलबाट हाम फालेर मर्ने बिचार पनि गऱ्यो।

आमाबाबुको अनुरोधमा गाउँको अस्पतालमा उपचार गर्ने कोशिश गऱ्यो। अस्पतालको अवस्था नराम्रो थियो। पिटरको उपचारको निम्ति परिवारले सहरको राम्रो अस्पतालमा पठाउन सकेका थिएनन्।

तीन दिनपछि पिटरको आमा चर्चमा गइन् र उनको छोराको निम्ति प्रार्थना गर्न अनुरोध गरिन्। उनी कहिलेकाहीँमात्र चर्च जान्थिन्। चिन्ताले गर्दा त्यस दिन चर्चमा जाँदा उनले भन्ठानिन् त्यो दिन आइतबार हो। तर त्यो दिन शनिबार थियो। त्यस चर्चमा दुवै आइतबार र शनिबारको दिन आराधना हुन्थ्यो। दुवै सम्प्रदायले एउटै चर्च चलाउँथे। जब साबथ स्कूलको समयमा विश्वासीहरू चर्चमा आए तिनीहरूले एक जना महिला रोइरहेको भेट्टाए। एक जना महिलाले सोधिन् "तपाईं किन रुनुभयो?" पिटरको बारेमा थाहा पाएपछि त्यस महिलाले भनिन् "चिन्ता नगर्नुहोस्। परमेश्वरमाथि विश्वास गर्न तपाईंको छोरालाई भन्नुहोस्। उहाँले उसलाई बचाउनुहुनेछ।"

त्यस दिन ती महिला पिटरलाई अस्पतालमा भेट्न गइन्। उसलाई उनले त्यही सल्लाह दिइन्, "बाबु परमेश्वरमाथि विश्वास गर्नु। उहाँले तिमीलाई बचाउनुहुनेछ।" यो कुरा पिटरलाई स्वीकार्न गाऱ्हो थियो किनभने एक क्लासदेखि उसका शिक्षकहरूले परमेश्वरको अस्तित्व छैन भनेर सिकाएका थिए।

त्यस समय पिटरको सामु दुई बाटो खडा भएको महसुस गऱ्यो। अस्पतालमा बसेर धेरै खर्च गरेर आमाबाबुलाई बोझ दिएर मर्ने हो कि परमेश्वरलाई विश्वास गर्ने।

"मेरा आमाबाबुहरूलाई बोझ थप्न मन लागेको थिएन। त्यसकारण मैले परमेश्वरलाई विश्वास गर्ने निर्णय गरेँ। डाक्टरलाई भन्दा परमेश्वरमाथि विश्वास गर्न मैले निर्णय गरेँ" पत्रुसले भन्यो।

त्यस अपरान्ह पिटरले परमेश्वरको अस्तित्वलाई स्वीकारेको हुनाले उहाँले नै निको पार्नुहुन्छ भनेर विश्वास गर्दै अस्पतालबाट घर जाने निर्णय गऱ्यो। घरमा औषधीहरू लान आमाले उसलाई भनिन्।

"हामी परमेश्वरलाई विश्वास गर्छौं। सबै औषधी यहीं छोडौं" उसले भन्यो। त्यस एडभेन्टिस्ट महिलाले पत्रुसलाई चर्चले स्थापना गरेको सानेटोरियम वा हल्का उपचार गर्ने संस्था अर्को गाउँमा खोलेको छ भनेर सुनाइन्। पिटरले त्यहाँ जान निर्णय गऱ्यो। सानेटोरियमका कर्मचारीहरूले पिटरलाई हृदयदेखि स्वागत गरे।

"जब म बिरामी र निराश भएको थिएँ, मलाई सान्त्वना चाहिएको थियो, तर सबैले मलाई छोडेर गए। जब म सानेटोरियममा गएँ सबै मानिसहरूले मसँग घुँडा टेके र मेरो निम्ति प्रार्थना गरे। जब तिनीहरूले प्रार्थना गरे परमेश्वरसँग रूँदै भने "हे प्रभु यस युवकलाई निको पारिदिनुहोस्" तिनीहरूले मलाई माया गरेका थिए" पिटरले भन्यो।

पिटरले त्यस्तो प्रेम कहिल्यै पनि अनुभव गरेको थिएन। यो त मानव प्रेमभन्दा ठूलो प्रेम भएको उसले भेट्टायो। उसले परमेश्वरको प्रेम भएको ठान्यो। ऊ सानिटोरियममा दुई महिना बस्यो। त्यहाँ उसले प्रार्थना गऱ्यो, बाइबल अध्ययन गऱ्यो र नयाँ जीवनशैली सिक्यो। "म बिरामी भएको बिर्सें। म धेरै खुशी भएको थिएँ" पिटरले भन्यो।

दुई महिनापछि सानेटोरियमको निर्देशकसँग आफूलाई अस्पतालमा फर्केर स्वास्थ परीक्षण गर्न दिन अनुरोध गऱ्यो। जब उसको स्वास्थ परीक्षण गरियो तब ऊ र डाक्टर अत्यन्त छक्क परे। उसको स्वास्थ राम्रो भएको रिपोर्ट दिइयो। आफ्नो चानचुने औषधीले पिटरलाई कसरी निको पाऱ्यो भन्ने कुरालाई डाक्टरले ठम्याउन सकेन। तर पिटरले औषधी घरमा लगेको थिएन। उसले परमेश्वरमाथि भरोसा राखेको थियो।

पिटरले बप्तिस्मा लियो। उसका आमाबाबु र हजुरआमा र हजुरबुबाले पनि बप्तिस्मा लिए। अहिले पिटर ४० वर्षको छ र चीनमा बाइबल सिकाउँछ। "परमेश्वरले मलाई दोस्रो जीवन दिनुभएकोले मेरो जीवन उहाँमा समर्पण गर्ने निर्णय गरें" खुशी भएर पिटरले सुनायो।

(लेखकः आन्द्र्यु मेकचिसनी)

**चीनको बारेमा जानकारीः**

–इटालीमा भन्दा धेरै इसाईहरू चीनमा छन्। अहिले चीन विश्वको सबभन्दा इसाई केन्द्र हुने बाटोमा लागिरहेको छ।

–चीनको जनसंख्या १.३८७ अरब छ। संसारको जनसंख्यामा १८.४७ प्रतिशत चीनमा रहन्छन्।

–चीन चाइनिज युनियन मिसनको अन्तर्गत छ। त्यसमा हङ्कङ्ग र मकाओ पनि समावेश भएको छ।

–चीनमा ४३३,४४९ एडभेन्टिस्टहरू छन् र त्यहाँ १,१९५ चर्चहरू छन्। प्रत्येक ३,१९८ चीनियाहरूमा एक जना एडभेन्टिस्ट भएको पाइन्छ।

–इसाई परम्पराको इतिहास अनुसार चीनमा प्रथम पटक प्रेरित थोमाले सुसमाचार ल्याइएका थिए। तर आधिकारिकरूपमा चीनको इसाई इतिहास सातौं शताब्दीको मध्यतिर प्रमाणित गरिएको छ।

-अब्राम ला रू भन्ने साधारण एडभेन्टिस्ट विश्वासीले एडभेन्टिस्ट चर्चको काम सुरू गरेका थिए। उनी सुनखानीमा काम गर्ने, पानी जहाज हाँक्ने र भेंडाहरू पाल्ने काम गर्दथे। पछि उनी येशूलाई विश्वास गरेर इसाई भए। सन् १८८८मा ६५ वर्षको उमेरमा हङ्कङ्गमा स्वास्थ तथा इसाई पुस्तकहरू बेच्न गए। त्यहाँबाट उनी मुख्य चीनमा धेरै पल्ट गए।